नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# कृषि सूचना तथा प्रशिक्षण केन्द्रको कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

सचिव

# विषय-सुची


परिचयः ........ 1

कृषि सूचना तथा प्रशिक्षण केन्द्रको कार्यविवरण ........ 1

परिच्छेद १: प्रारम्भिक ........ 2

खण्ड कः कृषि सूचना तथा प्रशिक्षण केन्द्रको तालिम कार्यक्रम सञ्चालन कार्यविधि ........ 3

परिच्छेद२: केन्द्रबाटआयोजित तालिम कार्यक्रम सञ्चालन कार्यविधि ........ 3

परिच्छेद ३: कृषि सूचना तथा प्रशिक्षण केन्द्रको स्वीकृतीमा निजी तथा गैह्रसरकारी क्षेत्रबाट सञ्चालन गरिने तालिम सञ्चालन कार्यविधि ........ 7

परिच्छेद ४: तालिम म्यानुअल तयार गर्ने कार्यविधि ........ 8

खण्ड खः कृषि सूचना तथा सञ्चार कार्यक्रम संचालन कार्यविधि, २०७५ ........ 9

परिच्छेद ६: निजी टेलिभिजनसँगको सहकार्यमा कृषि कार्यक्रम उत्पादन तथा प्रसारण कार्यक्रमको कार्यविधि 9

परिच्छेद ७: कृषि सम्वन्धी विषयवस्तु प्रकाशन तथा प्रसारण गर्ने निजी क्षेत्रका संघसंस्थालाइ साझेदारीमा प्रस्तावनाका आधारमा कार्यक्रम संचालन सहयोग कार्यविधि ........ 14

अनुसुचीहरु ........ 23

अनुसुची १ तालिम सञ्चालन वार्षिक कार्ययोजना ........ 23

अनुसुची२ तालिम कार्यक्रमको ब्रोसर ........ 24

अनुसुची ३ तालिम सम्पन्न प्रतिवेदन ........ 25

अनुसुची ४ तालिम सञ्चालनको स्वीकृतीको लागि दिईने निवेदन तथा फारामको नमूना ........ 26

अनुसुची ५ तालिम सञ्चालनको स्वीकृती माग गर्दा भर्नुपर्ने फाराम ........ 27

अनुसुची ६ प्रमाणपत्रको नमूना ........ 28

अनुसुची ७ तालिम प्रमाण-पत्र प्राप्त गर्नेको अभिलेख रजिष्टर ........ 29

अनुसुची ८ तालिमको मापदण्ड ........ 30

अनुसूची ९ प्रस्ताव आव्हानको सूचनाको ढाँचा ........ 31

अनुसूची १० प्रस्तावमा उल्लेख हुनुपर्ने विषयवस्तुहरु ........ 32

अनुसूची ११ सम्झौता–पत्रको नमूना ........ 33

अनुसूची १२ प्रस्ताव आव्हानको सूचनाको ढाँचा ........ 34

अनुसूची १३ प्रस्तावमा उल्लेख हुनुपर्ने विषयवस्तुहरु ........ 35

अनुसूची १४ सम्झौता–पत्रको नमूना ........ 36


सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

परिचयः

कृषि व्यवसाय तथा कृषिजन्य उद्योगहरुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न नवीनतम प्रविधिहरु समयमा नै कृषक व्यवसायी तथा उद्यमीहरु समक्ष पुग्न तथा तिनको उचित ग्रहण हुन जरुरी छ। यस्ता प्रविधिहरुलाई प्रभावकारी रुपमा सम्बन्धित व्यक्ति तथा संस्थामा पुर्याउनको लागि कृषि सेवासँग सम्बन्धी तालिम कार्यक्रमको तर्जुमा गरिएको हो। साथै कृषि सेवामा संलग्न कर्मचारीहरुको ज्ञान र सीपलाई समयानुकुल बनाउन समय समयमा तालिम कार्यक्रम र कृषि ज्ञान तथा सूचनालाई कृषिकर्मीहरुको घर दैलोमा पुर्याउनको लागि विभिन्न तौर तरीकाहरुको आवश्यकता महसुस गरी कृषि सूचनालाई रेडियो टेलिभिजन पत्रपत्रिका लगायत आधुनिक सञ्चारका माध्यमहरुको प्रयोग भई कार्य भईरहेको भई आएको भएपनि देशको पुनसंरचना गर्ने क्रममा कृषि सेवामा गरिएको सुधार अन्तरगत कृषि तथा पशुपन्छी क्षेत्रको जनशक्तिको लागि तालिम, सूचना तथासञ्चारर प्रकाशन सेवाको जिम्मेवारीका साथै प्रतिस्पर्धी कोष सञ्चालन तथा साविकको राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषबाट अनुदान प्राप्त आयोजनाहरुको समेत व्यवस्थापनका लागि कृषि सूचना तथा प्रशिक्षण केन्द्र गठन गरिएको छ। यस केन्द्रको कार्य विवरण अन्तरगतका विभिन्न कार्यक्रम सञ्चालनको लागि कार्यविधि बनाई सोही अनुसार कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय हुने भएकोले यो कार्यविधि तयार गरिएको छ ।

कृषि सूचना तथा प्रशिक्षण केन्द्रको कार्यविवरण

- कृषि सूचना तथा सन्चार र कृषि क्षेत्रको मानव संसाधन विकास सम्वन्धमा नेपाल सरकारलाई नीतिगत पृष्ठपोषण,
- कृषि प्रविधि एवं कृषि सम्वन्धि अन्य सवै खाले जानकारी र सूचनाको राष्ट्रिय भण्डार (National repository) को रुपमा कार्य गर्ने,
- सार्क कृषि सूचना केन्द्र (SAIC) को राष्ट्रिय फोकल विन्दुको रुपमा कार्य गर्ने,
- सवै प्रकारका कृषि सूचना तथा प्रविधिको राष्ट्रिय हवको रुपमा कार्य गर्ने,
- कृषकमा रहेको परम्परागत ज्ञान, शिप र प्रविधिको खोज एवं संकलन, डकुमेन्टेशन एवं प्रकाशन तथा प्रसारण,
- कृषि सूचना तथा सन्चार र मानव संसाधन विकास सम्वन्धि केन्द्र वा कृषि सम्वन्धि तालिम केन्द्रको गुणस्तर मापदण्ड विकास तथा कार्यान्वयन र नियमन,
- अनुसन्धानबाट विकास गरिएका प्रविधि एवं अन्य श्रोतबाट प्राप्त वा सिर्जित प्रविधि एवं कृषक तथा अन्य सरोकारवालाको लागि उपयोगी सूचना तथा जानकारी छिटो छरितो रुपमा प्रकाशन एवं प्रसारण,
- प्रकाशित एवं प्रसारित कृषि सूचना तथा जानकारीको प्रभावकारिता अध्ययन, अनुसन्धान गरि नतिजाको आधारमा अन्तिम उपयोगकर्ताको माग एवं आवश्यकता बमोजिमको सामाग्री प्रकाशन एवं प्रसारण,
- प्रदेश एवं स्थानीय तहका कृषि सूचना तथा संचार सम्वन्धि कार्य गर्ने निकायहरुको क्षमता विकास तथा पृष्ठपोषण,



सचिव

- कृषि सूचना तथा जानकारी छिटो छरितो रुपमा कृषक र अन्य सरोकारवाला समक्ष पुऱ्याउन सूचना प्रविधिको अलावा अन्य नवीनतम र प्रभावकारी माध्यमको खोजी एवं प्रयोग,
- राष्ट्रिय कृषि तथा पशु मानव संसाधन विकास योजना र कार्यान्वयन,
- कृषि तथा पशु सम्वन्धि विषयको तालिमको राष्ट्रिय स्रोतकेन्द्रको रुपमा कार्य गर्ने,
- स्वदेशी एवं विदेशी सहभागीहरुको लागि कस्टोमाइज्ड तालिम कोर्स सन्चालन एवं आउटसोर्सिङ,
- तालिम सम्वन्धि जनशक्ति विकास सम्वन्धी कार्य,
- तालिम कोर्स डिजाइन, पाठ्यक्रम विकास, प्रशिक्षक एवं स्रोत व्यक्ति छनौट, तालिम सामाग्री र तालिम सन्चालन एवं अनुगमन र मूल्याँकन लगायतका विषयहरुको राष्ट्रिय मापदण्ड विकास र कार्यान्वयन,
- तालिम प्रभावकारीता अध्ययन एवं अनुसन्धान,
- कृषि,पशुपालन,अनुसन्धान, खाद्यपोषण, कृषि वातावरण संरक्षण, कृषि भूमि व्यवस्थापन, कृषि बजार र व्यवसाय प्रवर्द्धन, सहकारी लगायत सम्वध्द प्रविधि एवं जानकारीहरुको प्रसारण, प्रकाशन तथा वितरण,
- नेपाल सरकारले कृषि,पशुपालन,अनुसन्धान,खाद्यपोषण, कृषि वातावरण संरक्षण, कृषि भूमि व्यवस्थापन, कृषि बजार र व्यवसाय, सहकारी लगायतको प्रवर्द्धनका लागि अवलम्वन गरेका नीति एवं नियम कानूनवारे जानकारी प्रसारण गर्ने,
- नविनतम कृषि सञ्चार प्रविधि तथा औजारहरु सम्वन्धी अध्ययन,
- निजीक्षेत्र मैत्री कृषि सञ्चार पद्दति विकास सम्वन्धी कार्यहरु,
- संघ प्रदेश र स्थानीय तहवीच सञ्चार समन्वय
- कृषि अनुसन्धान तथा विकासका लागि प्रतिस्पर्धी कोष परिचालन सम्वन्धमा नीति तथा मापदण्ड तयार गर्ने,
- साविक राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषवाट प्रतिस्पर्धी सहायता प्राप्त गरी संचालनमा रहेका कार्यक्रमहरुको स्वामित्व ग्रहण एवं संचालनमा आवश्यक सहयोग तथा सहजीकरण एवं अनुगमन।

## परिच्छेद १: प्रारम्भिक

१ संक्षिप्त नाम र प्रारम्भ:

(क) यस कार्यविधिको नाम कृषि सूचना तथा प्रशिक्षण केन्द्रको कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ रहेको छ ।

(ख) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिवाट लागु हुनेछ।

२ परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनुपर्छ ।

(ख)"तालिम व्यवस्थापनसमिति" भन्नाले दफा ७ बमोजिम गठन भएको समितिलाई सम्झनुपर्छ।

(ग)"केन्द्र" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तरगतको कृषि सूचना तथा प्रशिक्षण केन्द्रलाई सम्झनुपर्छ।



सचिव

(घ)"प्रमुख" भन्नाले केन्द्रका प्रमुखलाई सम्झनुपर्छ।

(च)"प्राविधिक तथा मुल्याङ्कन समिति" भन्नाले यसै कार्यविधिको दफा बमोजिम गठन भएको समितिलाई सम्झनुपर्छ

खण्ड कः कृषि सूचना तथा प्रशिक्षण केन्द्रको तालिम कार्यक्रम सञ्चालन कार्यविधि

३ तालिमको उद्देश्य

तालिम कार्यक्रमको उद्देश्य देहाय अनुसार रहने छः

(क)तालिमका सहभागीहरुको कार्यदक्षतामा अभिवृद्धि गर्नु

(ख)कृषि तथा पशु विकास तथा पशु स्वास्थ्यसँग सम्बन्धित नवीनतम ज्ञान र सीपको बारेमा अवगत गराई कृषकसमक्ष उक्त प्रविधि पुर्याउन सक्षम बनाउनु।

(ग)कृषि तथा पशु विकास तथा पशु स्वास्थ्य क्षेत्रमा सञ्चालित कार्यक्रमको लागि आवश्यक पर्ने ज्ञान र सीपको अभिवृद्धि गर्ने ।

(घ)कार्यालय व्यवस्थापन तथा संचालनको लागि आवश्यक पर्ने ज्ञान र सीपको अभिवृद्धि गर्ने।

परिच्छेद२: केन्द्रबाटआयोजित तालिम कार्यक्रम सञ्चालन कार्यविधि

**४ तालिम सञ्चालन पूर्व**

(क)कृषि सूचना तथा प्रशिक्षण केन्द्रको वार्षिक कार्यक्रम स्वीकृती पश्चात तालिम पाठ्यक्रम नभएका नयाँ तालिमहरुको हकमा तालिम पाठ्यक्रम निर्माण कार्यविधि अनुसार तालिम पाठ्यक्रम तर्जुमा गर्ने र तालिम पाठ्यक्रम रहेका तालिमको हकमा वार्षिक कार्यक्रम प्राप्त भएको १५ दिन भित्र सम्बन्धित शाखाले **वार्षिक तालीम सञ्चालन कार्ययोजना** (अनुसुची१) तयार गरी केन्द्र प्रमुखबाट स्वीकृत गर्ने।

(ख) तालिम संयोजक तोक्नेः सम्बन्धित शाखाले वार्षिक तालिम सञ्चालन कार्ययोजना अनुसार तालिम संयोजक र तालीम व्यवस्थापन समूह तयार गरी केन्द्र प्रमुखबाट स्वीकृत गराउने ।

**५ तालीम संयोजकको काम, कर्तव्य र अधिकार**

तालीम संयोजकको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछ।

(क) सम्बन्धित विभागसँग छलफल गरी तालिमका सहभागीहरुको प्रस्तावित नामावली तयार गरी केन्द्र प्रमुख समक्ष पेश गर्ने।

(ख) सम्बन्धित निकायबाट सहभागिहरुको छनोट भईसकेपछि तालिम कार्यक्रमबारे सहभागीहरुलाई जानकारी गराउने र सहभागीताको सुनिश्चतता गर्ने।

(ग) तालिम कार्यक्रमको पहिलो दिन नै सहभागीहरुलाई वितरण गर्ने सकिने गरी तालिम ब्रोसर (अनुसुची २) तयार गर्ने।

(घ) तालिम सञ्चालनको लागि आबश्यक तालिम कक्ष वा प्रयोगशाला वा अन्य भौतिक पूर्वाधारको व्यवस्था गर्ने। तालिमका सहभागीहरुको आवास, परिवहनजस्ता सुविधाहरुको समीक्षा गरी सम्भव भएसम्म व्यवस्था मिलाउने।

(ङ) तालिमको लागि आबश्यक पाठ्यसामग्रीहरु एवम् श्रव्यदृश्य सामग्रीहरुको व्यवस्था मिलाउने।



सचिव

(च) तालिम शुरुभन्दा हुनुभन्दा ७ दिन अगाडि नै सम्भावित प्रशिक्षकहरु सहितको तालिमको समय सारणी तयार गरी सोही अनुसार तालीम सञ्चालन गर्न केन्द्र प्रमुखको स्वीकृती लिने।

(छ) तालिमको लागि आबश्यक बजेट खर्चको लगत तयार गरी केन्द्र प्रमुखबाट स्वीकृती लिई परिचालन गर्ने, बजेट परिचालन गर्दा मितव्ययितालाई ध्यान दिने।

(ज) तालिमका प्रशिक्षकहरुलाई तालिम शुरु हुनु ७ दिन पूर्व नै निजहरुले लिने प्रशिक्षणको विषय, अवधि र समय, तालीमको उदेश्य र सहभागीहरुको स्तर र तालीम सञ्चालन हुने स्थान र उक्त स्थानमा उपलब्ध साधनहरुको बारेमा जानकारी दिने।

(झ) तालिम प्रशिक्षकहरुको उपलब्धताका बारेमा जानकारी लिने र कोही प्रशिक्षक उपलब्ध हुन असमर्थ रहेको जानकारी प्राप्त भएमा केन्द्र प्रमुखको स्वीकृती लिई विकल्पको व्यवस्था गर्ने र अनुसुची ३ अनुसारको ढाँचामा तालीम सम्पन्न प्रतिवेदन तयार गर्ने।

**६ तालिमका सहभागी छनोटका आधारहरु**

केन्द्रको स्वीकृत कार्यक्रम अनुसार सञ्चालन हुने अधिकृतस्तरका सहभागीहरुलाई निम्न आधारमा छनोट गरिनेछ।

(क) तालिमको विषय र निकायको कार्यक्षेत्र मिलेको खण्डमा त्यस्ता निकायमा कार्यरत कर्मचारी हुनुपर्ने।

(ख) तालिमको विषय तालिममा सहभागी हुन चाहने कर्मचारीको कार्यविवरण मिलेको हुनुपर्ने।

(ग) सहभागी हुन चाहने कर्मचारीको रुचि हुनुपर्ने।

(घ) कर्मचारीको जेष्ठता ।

(ङ) दुर्गम क्षेत्रमा कार्यरत कर्मचारीलाई प्राथमिकता हुने।

(च) यस भन्दा अगाडि यस किसिमको तालिममा सहभागी हुने अवसर नपाएको।

(छ) सम्बन्धित कार्यालय वा तालुक निकायको सिफारिस।

**७ सहभागी छनोट विधि**

(क) तालिमका सहभागीहरुको छनोट गर्ने प्रयोजनका लागि निम्नानुसारको **तालिम व्यवस्थापन समिति** रहनेछ।समितिको काम कर्तव्य र अधिकार यसै कार्यविधिमा तोकिए अनुसार हुनेछ।

| | |
|---|---|
| प्रमुख, कृषि सूचना तथा प्रशिक्षण केन्द्र | संयोजक |
| महानिर्देशक, कृषि विभाग वा निजले तोकेको कृषि विभाग अन्तगतको रा.प. प्रथम श्रेणीको कर्मचारी | सदस्य |
| महानिर्देशक, पशु सेवा विभाग वा निजले तोकेको पशु सेवा विभाग अन्तगतको रा.प. प्रथम श्रेणीको कर्मचारी | सदस्य |
| अधिकृत प्रतिनिधि, योजना तथा विकास समन्वय महाशाखा | सदस्य |
| प्रमुख, योजना कार्यक्रम तथा अनुगमन शाखा, कृषि विभाग | सदस्य |
| प्रमुख, योजना शाखा, पशु सेवा विभाग | सदस्य |
| प्रमुख, कृषि तालिम शाखा, कृषि तथा प्रशिक्षण केन्द्र | सदस्य |



सचिव

प्रमुख, पशुपन्छी तालिम शाखा, कृषि तथा प्रशिक्षण केन्द्र सदस्य

प्रतिनिधि, पशु विकास महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय सदस्य

संयोजकले तोकेका बढीमा ३ जना आमन्त्रित सदस्य

संयोजकले तोकेको रा.प. द्वितीय श्रेणीको अधिकृत सदस्य-सचिव

**८ तालीम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ।**

(क)राजपत्र अनंकित, रा.प.तृतिय, रा.प.द्धितिय श्रेणीका कर्मचारीहरुलाई लागि सञ्चालन गरिने सेवाकालीन तालिममा सहभागी हुनका लागि संघीय कार्यालयहरु तथा प्रत्येक प्रदेशबाट सहभागी गराईने कर्मचारीहरुको संख्या तोक्ने।

(ख) सेवाकालीन तालिम बाहेकका अन्य सिप विकास तालिममा सहभागी हुने प्रयोजनका लागि संघ र प्रत्येक प्रदेशबाट सहभागी हुने कर्मचारीहरुको संख्या निर्धारण गर्ने।

(ग) यस समितिको बैठक प्रत्येक चौमासिकमा एक पटक बस्नेछ र सो चौमासिक अवधिमा सञ्चालन हुने तालीमहरुको सहभागीहरुको बाँडफाँड गर्नेछ।

(घ) तालिम कार्यक्रमको सुपरीवेक्षण अनुगमन गर्ने।

(ङ) कुनै खास कारणले तालिमका सहभागीहरुको छनोट यस समितिको बैठक नबसी गर्नपरेको अवस्थामा कृषि सूचना तथा प्रशिक्षण केन्द्रले तालीमका सहभागीहरुको नामावली तयार गर्ने र सो नामावली अनुमोदन गर्ने।

**९ तालीम सहभागी छनोट विधि**

(क) तालिम व्यवस्थापन समितिले संघीय निकाय, प्रदेश निकाय तथा स्थानीय तहबाट सहभागी हुने कर्मचारीहरुको संख्या यकिन गरिसकेपछि केन्द्रले तत् निकायहरुमा तालीम सहभागीताको लागि पत्राचार गरी तालीममा सहभागी हुन चाहने वा आबश्यक भएका कर्मचारीहरुको नामावली संलकन गर्नेछ।

(ख) तालिमका सहभागीताको लागि केन्द्रले तोके बमोजिमको फाराम तालिममा मनोनयन हुन पूर्व वा तालीम सञ्चालनको समयमा सहभागिहरुले भरी केन्द्रमा पेश गर्नु पर्नेछ।

(ग) तालिमका सहभागीहरुको नामावली प्राप्त भईसकेपछि प्रमुखबाट सो नामावली स्वीकृत गरी तालिममा सहभागी गराईनेछ। कुनै कारणबस तालीममा मनोनयन भएपछि पनि कुनै सहभागी अनुपस्थित हुने जानकारी भएमा प्रमुखको आदेशमा लक्ष्य ननाघ्ने गरी कुनै कर्मचारीलाई तालीममा सहभागी गराउन सकिनेछ।

१०. कुनै पनि तालिम कार्यक्रम शुरु हुनुभन्दा १ महिना अगाडि सहभागीहरुको नामावली संकलन गरिसकिने र कम्तीमा १५ दिन अगाडि सम्बन्धित तालिमको सहभागीहरुलाई आमन्त्रण गरिसकिनेछ।

११. तालिम शुरु हुनुभन्दा कम्तीमा एक हप्ता अगाडि नै तालिमको स्वीकृत पाठ्यक्रम अनुसार नै समय सारिणी तयार गर्ने र प्रशिक्षकहरुलाई खबर गर्नुपर्ने।



सचिव

१२.तालिम हुनुभन्दा ३ दिन अगाडि नै तालिम सामाग्रीहरुको खरिद, उत्पादन एवं व्यवस्था गर्नु पर्ने । सो कार्यको व्यवस्था तालिम सहायकले गर्ने र सो कार्य व्यवस्था नभएको अवस्थामा तालिम संयोजकले हेर्ने।

**१३. तालिम सञ्चालन अवधि**

(क) तालिम सञ्चालन हुनुभन्दा कम्तीमा दुई दिन अगाडि सम्बन्धित कार्यालयको सूचना पाँटीमा तालिमका सहभागीहरुलाई स्वागत सम्बन्धी सूचना टाँस गर्ने।यसका साथै तालिम कक्ष, शौचालय, पुस्तकालय आदिको स्थानको बारेमा प्रशिक्षार्थीले बुझ्ने किसिमको सूचना टाँस गरिनेछ।

(ख) तालिमको पहिलो दिन नै तालिमका सहभागीहरुलाई तालिमको समय सारिणी उपलब्ध गराईनेछ। यस्तो समय सारिणीमा प्रशिक्षकहरुको नामावली समेत हुनेछ।

(ग) तालिमका प्रशिक्षकहरुले विषयबस्तुको छलफलको दिनमा आफुले छलफल गर्ने विषयको तालिम सञ्चालन अवधि भित्र केन्द्रका प्रमुख वा निजले तोकेको व्यक्तिले तालिमको सुपरीवेक्षण र अनुगमन गर्न सक्नेछ।

(घ) तालिम सञ्चालन समयमा तालिमका सहभागी र प्रशिक्षकहरुको सहयोगका लागि व्यवस्थापन समूहका कम्तीका एक सदस्यको उपस्थिति रहनेछ।

(ङ) तालिम संचालन अवधिमा मुल्यांकन सम्बन्धमा अनिवार्य रुपमा प्रशिक्षार्थीहरुलाई अवगत गराउने ।

(च) तालिम कार्यक्रममा १.२५ देखि १.५ घण्टाको एक सेसन गर्ने र दिनमा ३-४ सेसन गर्ने।

(छ) प्रशिक्षकज्यूहरुबाट तालिमको सेसन शुरु हुनुभन्दा अगाडि नै निजलाई तोकिएको शिर्षकको कार्यपत्र संकलन गर्ने।

(ज) यसरी प्राप्त कार्यपत्र प्रशिक्षार्थीहरुलाई सेसन शुरु हुनभन्दा अगाडि वा सेसन समाप्तिपछि अविलम्ब वितरण गर्ने ।

(झ) तालिमको समापनको क्रममा सहभागीहरुलाई केन्द्रबाट तोकिए अनुसारको ढाँचामा प्रमाण पत्र प्रदान गरिनेछ।तालीममा प्रदान गरिएको प्रमाणपत्रको प्रतिलिपि सहभागीहरुले माग गरेको अवस्थामा कुनै पनि समयमा दिन सकिने किसिमले अभिलेख राखिनेछ।

१४ तालिम समाप्ती पछि

(क) तालिम संयोजकले प्रत्येक तालिमको लागि प्रशिक्षकको रोष्टर तयार गर्नेछ।

(ख) तालिम समाप्त भएको ७ दिन भित्र तालिम संयोजकले तालिम सम्पन्न प्रतिवेदनको तयारी गरी प्रमुखबाट स्वीकृत गराई अभिलेखीकरण गर्नु पर्नेछ।आबश्यकता अनुसार तालीम सम्पन्न प्रतिवेदन विभिन्न निकायमा पठाउने व्यवस्था तालीम संयोजकले मिलाउनुपर्नेछ।

(ग) तालिम सम्पन्न भएको एक वर्ष पछि आबश्यकता अनुसार केन्द्रले तालिमको अनुगमन गरी तालिम प्रभावकारिता अध्ययन गर्न सक्नेछ।



सचिव

परिच्छेद ३: कृषि सूचना तथा प्रशिक्षण केन्द्रको स्वीकृतीमा निजी तथा गैहसरकारी क्षेत्रबाट सञ्चालन गरिने तालिम सञ्चालन कार्यविधि

१५ **उदेश्यहरुः** यो कार्यविधिका उदेश्यहरु निम्नानुसार रहेको छ।

(क) सरकारी क्षेत्रबाट मात्र माग अनुसारका सबै तालिमहरु सञ्चालन गर्न श्रोत तथा समयको अभाव भई गर्न नसकिने अवस्थामा निजी तथा गैह सरकारी क्षेत्रहरुको समेत संलग्नतामा तालिम सञ्चालन गर्न।

(ख) निजी तथा गैह सरकारी क्षेत्रसँग सहकार्य गर्न।

(ग) निजी क्षेत्र तथा गैह सरकारी क्षेत्र र सरकारी क्षेत्रबाट सञ्चालन हुने तालिमको गुणस्तर र तरीकामा एकरुपता ल्याउन।

(घ) तालिमको मापदण्डको कार्यान्वयन गर्न

**१६ सञ्चालन विधि**

(क) केन्द्रले समय समयमा सूचना प्रकाशन गरी स्वीकृती लिनुपर्ने भनी तोकेका कृषि सम्बन्धी तालिमहरु कुनै पनि सरकारी वा निजी वा गैर सरकारी निकायले आफ्नै खर्चमा वा कसैको सहयोगमा वा सहभागीहरुबाट शुल्क लिई सञ्चालन गर्न चाहेमा सञ्चालन गर्नु पूर्व केन्द्रको स्वीकृती

(ख) यो कार्यविधि स्वीकृतीका बखत ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिम, मासु निरीक्षण तालिम, औषधि व्यवसायी तालिम र कृत्रिम गर्भाधान तथा पशु प्रजनन तालिम विषादि खुद्रा विक्रेता तालिम सञ्चालनको लागि केन्द्रको स्वीकृती अनिवार्य लिनुपर्नेछ। केन्द्रले आबश्यकता अनुसार स्वीकृती लिनुपर्ने तालिमको नामावली समय समयमा परिमार्जन गर्नेछ।

(ग) कुनै पनि सरकारी तथा गैह सरकारी वा निजी निकायले केन्द्रले बुदा नं. १६ खमा उल्लेख भएका तालिम सञ्चालनको स्वीकृतीको लागि तपसिलका कागजात सहित अनुसुची ४ मा अनुसारको आवेदन दिनुपर्नेछ।

क. अनुसुची ४ अनुसारको निवेदन

ख. अनुसुची ५ अनुसारको फाराम

ग. निजी तथा गैह सरकारी संस्थाको हकमा संस्थाको संक्षिप्त विवरण र दर्ता प्रमाण पत्र

घ. कर चुक्ताको प्रमाण पत्र

ङ. सहभागीहरुको नामावली

च. तालिम सहभागीहरुको पासपोर्ट साईजको फोटो २ प्रति ( तालिम सञ्चालन अवधिमा पेश गर्न सकिने)

छ. प्रशिक्षकहरुको नामावली र योग्यता

ज. सम्बन्धित स्थानीय तहको सिफारिस वा गैह सरकारी संस्थाको सिफारिस

झ. कुनै संस्थाको पूर्वाधार तथा जनशक्ति प्रयोग गरी प्रयोगात्मक तथा व्यवहारिक कक्षा सञ्चालन गर्ने भए सो संस्था वा निकायको सहमति पत्र



सचिव

(घ) आवेदकहरुको आवेदन प्राप्त भएपछि सम्बन्धित तालिम शाखाले छानवीन गरी स्वीकृतको लागि समितिको बैठकमा पेश गर्ने छ र तालिम व्यवस्थापन समितिले उपयुक्त देखेमा तालिम सञ्चालनको स्वीकृती दिनेछ। आवश्यक परेमा समितिले तालिमको गुणस्तर कायम राख्नको लागि थप निर्देशन समेत दिन सक्नेछ।

(ङ) तालिम सञ्चालन गर्न अनुमति प्राप्त निकाय वा संस्थाले अनुसुची ८ मा भएको मापदण्ड पुरा गर्नुपर्ने छ।

(च) तालिम सञ्चालनको स्वीकृत पश्चात तालिम सहभागीहरुलाई केन्द्रले अनुसुची ६ अनुसारको प्रमाण पत्र प्रदान गरिनेछ र तालिमका सहभागीहरुको अनुसुची ७ अनुसार अभिलेख केन्द्रले राख्नेछ। कुनै तालिमको लागि भिन्न प्रमाण पत्रको ढाँचा आवश्यक परेमा केन्द्रले प्रमाण पत्रको ढाँचा संशोधन गर्न सक्नेछ।

## परिच्छेद ४: तालिम म्यानुअल तयार गर्ने कार्यविधि

१७ कार्यक्रमको उद्देश्य

(क) तालिम प्रशिक्षकको लागि सहयोग गर्न

(ख) तालिममा प्रदान गरिने विषयबस्तु,विधि आदिमा एकरुपता ल्याउन।

१८ सञ्चालन विधि

(क) म्यानुअल (Training Manual) तयारी गरिने तालिमको विषय सम्बन्धित शाखाको प्रमुखको रायमा केन्द्रका प्रमुखले निर्धारण गरे अनुसार हुनेछ।

(ख) तालिम म्यानुअल प्रकाशनको लागि केन्द्रले विषय विशेषज्ञहरुको पहिचान गरी उपलब्ध विशेषज्ञहरु रहेको एक जना संयोजक सहित पाँच जनाको तालिम म्यानुअन लेखन मण्डल तयार गर्नेछ। कुनै खास विषयमा विज्ञको आवश्यकता भएमा लेखन मण्डलका संयोजकले विज्ञलाई आमन्त्रण गर्न सक्नेछन् । विज्ञले पाउने पारिश्रमिक बुदा नं. १८ (ङ) अनुसार हुनेछ।

(ग) लेखन मण्डलले म्यानुअलको ढाँचा तयार गरी सो को स्वीकृती केन्द्रप्रमुखबाट गराई सोही अनुरुप लेखन कार्य गर्नेछ।

(घ) म्यानुअल लेखन कार्य पश्चात् सो को मुल्यांकन तथा परिमार्जन र स्वीकृति केन्द्रको तालिम व्यवस्थापन समितिबाट हुनेछ ।

(ङ) म्यानुअल लेख्ने लेखन मण्डलका सदस्य वा विशेषज्ञहरुको पारिश्रमिक म्यानुअचको एक सेसनका लागि तयार गरिएको सामग्रीको लागि सोही सेसनको Handout तयार गरे वापत प्रशिक्षकले पाउने पारिश्रमिक सरह हुनेछ।

(च)लेखन मण्डलले तयार गरेको तालिम म्यानअललाई Edit गर्न आवश्यक देखेमा केन्द्रका प्रमुखले विज्ञ नियुक्त गरी सो परिमार्जन गराउन सक्नेछन्।

(छ) विज्ञबाट Edit भई परिमार्जन भएको तालिम म्यानुअल तालिम व्यवस्थापन समितिमा पेश भई स्वीकृत भई पश्चात तालिम सञ्चालन गर्ने निकायहरुमा पठाईनेछ। केन्द्रले आवश्यक संख्यामा प्रकाशन तथा मुद्रणको व्यवस्था मिलाउनेछ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

खण्ड खः कृषि सूचना तथा सञ्चार कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

कृषि विकासमा कृषि सञ्चारको महत्वलाई दृष्टिगत गरी आधुनिक सूचना प्रविधिको प्रयोगद्वारा कृषक, कृषि प्रसार कार्यकर्ता तथा अनुसन्धानकर्ता बीचको अन्तरसम्बन्ध बढाई ज्ञानमा आधारित कृषि प्रणाली अपनाउन कृषक समुदायलाई उन्मुख तथा अभिप्रेरित गर्न कृषि सम्बन्धी प्रविधि प्रचार प्रसार सामग्रीहरुको प्रकाशन गर्ने र श्रव्य–दृश्य सामग्रीहरुको उत्पादन एवं प्रदर्शन गर्ने उद्देश्यले कृषि सूचना तथा प्रशिक्षण केन्द्रले संचालन गरिआएका विभिन्न कार्यक्रमहरूलाई परिस्थिति अनुसारका नयाँ चुनौती एवं मागअनुरुप ढाल्नुपर्ने आवश्यकता महशुस भई आएको तथा हालसम्म सरकारवाट संचालित रेडियो तथा टेलिभिजनमार्फत मात्र श्रव्य–दृश्य सामग्रीहरुको उत्पादन एवं प्रदर्शन गर्ने गरिएकोमा पछिल्लो समय सूचना तथा सञ्चार प्रविधिका विभिन्न माध्यमहरू नीजि क्षेत्रवाट समेत सञ्चालनमा रहेको परिप्रेक्ष्यमा कृषिसँग सम्बन्धित सम्पूर्ण निकायहरुसँग उचित ढंगले समन्वय कायम गरी कृषि प्रविधि तथा सूचनाहरु प्रवाहित गर्ने सम्वन्धमा निजी क्षेत्रवाट संचालन भइरहेका प्रकाशन/प्रसारण संस्थाहरूलाइ समेत समावेश गरि संचालित कृषि सूचना तथा सञ्चार कार्यक्रमको दायरालाइ अझ फराकिलो पार्दै प्रकाशन/प्रसारण गरिने कार्यक्रमहरूलाइ थप गुणस्तरीय एवं प्रभावकारी बनाउन आवश्यक देखिएको सन्दर्भमा प्रस्तावित केही कार्यक्रमहरू संचालनका लागि कार्यविधिको आवश्यकता महसुस गरि नेपाल सरकार कृषि तथा पशुपन्छी विकास विकास मन्त्रालयले यो कार्यविधि स्वीकृत गरि लागु गरेको छ ।

परिच्छेद ६: निजी टेलिभिजनसँगको सहकार्यमा कृषि कार्यक्रम उत्पादन तथा प्रसारण कार्यक्रमको कार्यविधि

## १९ कार्यक्रमको परिचय

कृषक समुदायमा देश विदेशका विभिन्न स्थानमा प्रचलित कृषि प्रविधि तथा कृषिका विभिन्न कृयाकलापहरूको जानकारी गराउन तथा नयाँ कृषि प्रविधि बारे कृषकहरूमा चेतना जगाउन देशभित्र सञ्चालित निजी टेलिभिजनसँगको सहकार्यमा यो कार्यक्रम सञ्चालन गरिने छ ।

## २० कार्यक्रमको उद्देश्य

(क) निजी क्षेत्रवाट संचालित टेलिभिजनको माध्यमबाट कृषि सम्बन्धी चेतनामूलक श्रव्यदृश्य सामग्री निर्माण, उत्पादन तथा प्रदर्शन गरी आधुनिक उन्नत कृषि प्रविधि अनुसरण गर्न कृषक एवं कृषि उद्यमीहरूलाई उत्प्रेरित गराउनु ।

(ख) कृषि सूचना तथा सञ्चार सम्वद्व गतिविधीहरूलाइ निजी क्षेत्र मैत्री बनाउँदै निजी क्षेत्रमार्फत संचालित टेलिभिजनहरूलाइ समेत समग्र कृषि क्षेत्रको विकासका लागि अभिप्रेरित गर्ने ।

## २१सम्पादन हुने कार्य तथा गतिविधिहरू

(क) देशभरि भए गरिएका कृषि गतिविधि एवं कृषि प्रविधिहरू समेट्ने गरी कृषि कार्यक्रम निर्माण तथा उत्पादन गर्ने ।



सचिव

(ख) तोकिएको समय र निर्दिष्ट तालिका वमोजिम टेलिभिजनबाट कार्यक्रम प्रसारण गर्ने । कार्यक्रम प्रसारण गर्नुपूर्व कृषि सूचना तथा प्रशिक्षण केन्द्रको प्राविधिक टोलीबाट प्रमाणित गराई मात्र प्रसारण हुनुपर्ने ।

(ग) हप्तामा कम्तीमा २ दिन १५मिनेट समयको दरले केन्द्रले तोकेको संख्यामा टेलिभिजन कृषि कार्यक्रम उत्पादन तथा प्रसारण भएको हुनुपर्ने ।

(घ) कृषि कार्यक्रमको विषयवस्तु समयसापेक्ष र कृषकमैत्रि हुनुपर्ने ।

(ङ) उत्पादन भई प्रसारण भएका कार्यक्रमहरूको डिजिटल भर्सन नियमित रूपमा कृषि सूचना तथा प्रशिक्षण केन्द्रमा उपलब्ध गराउने।

## २२ निजी टेलिभिजन मिडियाको छनौट

(क)यस कार्यविधि अनुरुप कार्यक्रम उत्पादन तथा प्रसारण गर्न ईच्छुक एवं योग्य राष्ट्रिय/केन्द्रीयस्तरमा निजी क्षेत्रवाट संचालित टेलिभिजन मिडियाहरूवाट दरखास्त आव्हान गरिने छ। कृषि सूचना तथा प्रशिक्षण केन्द्रवाट यस सम्वन्धमा राष्ट्रियस्तरको पत्रिकामा अनुसूचि ९अनुसार ३० दिनको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

(ख) यस कार्यविधि अनुरुप कार्यक्रम उत्पादन तथा प्रसारण गर्न ईच्छुक एवं योग्य राष्ट्रिय/केन्द्रीयस्तरमा निजी क्षेत्रवाट संचालित टेलिभिजन मिडियाहरूवाट पेश हुने प्रस्तावमा अनुसूची ९बमोजिमका विषयवस्तुहरू तथा अनुसूची १०बमोजिमका कागजातहरू समावेश भएको हुनुपर्नेछ ।

(ग) कार्यक्रम उत्पादन तथा प्रसारण गर्न ईच्छुक एवं योग्य राष्ट्रिय/केन्द्रीयस्तरमा निजी क्षेत्रवाट संचालित टेलिभिजन मिडियाहरुले आफनो निवेदन/दरखास्त सहित तोकिएको मिति भित्र कृषि सूचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवनमा उल्लेखित विवरण सहित कार्यक्रम संचालन प्रस्ताव पत्र पेश गर्नुपर्नेछ।

(घ) सेवा प्रदायक टेलिभिजन मिडियाबाट पेश भएका प्रस्तावतथा संस्थाको देहाय वमोजिम मूल्याङ्कन गरी निजी टेलिभिजन मेडिया (संस्था) छनौट गरिनेछ ।

## २३ प्रस्ताव मूल्याङ्कन प्राविधिक समिति

(क) कृषि सूचना तथा सञ्चार कार्यक्रम सञ्चालनको लागि पेश हुन आएका प्रस्तावहरूमध्ये उपयुक्त संख्यामा निजी टेलिभिजन मिडियाको छनौटका लागि देहायवमोजिमको मूल्याङ्कन प्राविधिक समितिबाट प्रस्तावहरूको मूल्याङ्कन हुनेछ।

| | |
|---|---|
| प्रमुख, कृषि सूचना तथा प्रशिक्षण केन्द्र वा निजले तोकेको अधिकृत– | संयोजक |
| वरिष्ठ कृषि प्रसार अधिकृत, कृषि विभाग (प्रविधि विस्तार तथा समन्वय शाखा) | –सदस्य |
| अधिकृत प्रतिनिधि, कृषि सञ्चार प्रकाशन तथा अभिलेख महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद् | –सदस्य |
| अधिकृत प्रतिनिधि, पशुसेवा विभाग | –सदस्य |
| अधिकृत प्रतिनिधि, नेपाल टेलिभिजन | –सदस्य |
| केन्द्रका प्रसारक अधिकृत | –सदस्य |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

केन्द्रका प्रसारण शाखाको प्रमुख –सदस्य- सचिव

**२४ प्रस्ताव मूल्यांकन प्राविधिक समितिको काम, कर्तव्य र अधिकार**

प्रस्ताव मूल्यांकन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहनेछ

(क) रितपूर्वक केन्द्रमा दर्ता हुन आएका प्रस्तावहरुको संलग्न कागजात तथा सम्वन्धित मिडियाको स्थलगत निरिक्षण समेतको आधारमा तल उल्लिखित छनौटका आधारहरुको अधिनमा रही तुलनात्मक चार्ट र Merit list निर्धारण गर्ने ।

(ख) मूल्यांकनका क्रममा कुनै कागजात वा थप विवरण आवश्यक महसुस भएमा सम्वन्धित मिडियावाट माग गर्ने ।

(ग) प्रस्तावमा संचालन गर्न प्रस्ताव गरिएका कार्यक्रमहरुको प्राविधिक पक्ष, सम्भाव्यता तथा जनशक्ति व्यवस्था, कार्यक्रम संचालन मोडालिटी र लागत समेतको विश्लेषण गर्ने ।

(घ) उपरोक्तानुसार निर्धारण गरिएको तुलनात्मक चार्ट र Merit list का आधारमा कम्तीमादुइ वटा निजी टेलिभिजन मिडियाहरुलाइ कार्यक्रम संचालनका लागि छनौटका लागि केन्द्र समक्ष सिफारिश गर्ने । साथै उपलव्ध बजेटको सिमाभित्र रही उक्त कार्यक्रम संचालनार्थ सम्वन्धित मिडियालाइ उपलव्ध गराउन सकिने अधिकतम रकमवारे केन्द्रलाई सिफारिश गर्ने ।

**२६छनौट गर्ने आधार (Criteria for Selection)**

(क) कार्यक्रम संचालनका लागि बिनियोजित बजेटको परिधिभित्र रही कम्तीमा२ वटासम्म निजी टेलिभिजन मिडियाहरू छनौट गरिनेछ ।

(ख) प्राप्त हुन आएका प्रस्तावहरूमा संलग्न कागजात तथा सम्वन्धित मिडियाको स्थलगत प्राविधिक निरिक्षण समेतको आधारमा तल उल्लिखित छनौटका आधारहरू (Criteria for Selection) का अधिनमा रही प्रस्ताव मूल्यांकन प्राविधिक समितिले तुलनात्मक चार्ट (Comparative Chart) र सो को आधारमा Merit list निर्धारण गर्नेछ ।

| क्र.सं. | मूल्यांकनका आधार | अधिकतम अंक | प्रासांक |
|---|---|---|---|
| १ | **सम्वन्धित निजी टेलिभिजन मिडियाको समग्र विश्लेषण** | ५० | |
| १.१ | कृषि कार्यक्रम उत्पादन तथा प्रसारणका लागि दर्ता तथा संचालन | २० | |
| | सम्पूर्ण रूपमा कृषि कार्यक्रम उत्पादन तथा प्रसारण गर्न भनी नेपाल सरकारको कम्पनी ऐन वा सहकारी ऐन अन्तरगत दर्ता भै सञ्चालित भएमा | २० | |
| | आंशिक रूपमा वा छोटो समयका लागि मात्र कृषि कार्यक्रम उत्पादन तथा प्रसारण गर्न भनी नेपाल सरकारको कम्पनी ऐन वा सहकारी ऐन अन्तरगत दर्ता भै सञ्चालित भएमा | १० | |
| १.२ | कृषि कार्यक्रम उत्पादन तथा प्रसारणमा निरन्तरता | १० | |
| | विगत ५ वर्षदेखि निरन्तर | १० | |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| | विगत २ वर्षदेखि निरन्तर | ८ | |
| | विगत २ वर्षभन्दा कम अवधि | ५ | |
| १.३ | **टेलिभिजन च्यानलको कभरेज** | १० | |
| | Satellite प्रविधिमा आधारित | १० | |
| | Dish Home मा आधारित | ८ | |
| | Cable मा आधारित | ६ | |
| १.४ | **सम्वन्धित मिडियाको स्थलगत निरिक्षणका आधारमा कार्यक्रमसंचालनका लागि मूल्यांकन समितिलाइ लागेको समग्र धारणा** | १० | |
| | प्रस्तावित कार्यक्रमका लागि अति उत्कृष्ट मिडिया | १० | |
| | प्रस्तावित कार्यक्रमका उत्कृष्ट मिडिया | ८ | |
| | प्रस्तावित कार्यक्रमका लागि कम उत्कृष्ट मिडिया | ६ | |
| २ | **कार्यक्रम उत्पादन तथा प्रसारण सम्वन्धि प्रस्तावना** | ५० | |
| २.१ | समयको उपयुक्तता | १० | |
| | साँझको ७ देखि ८ बजेसम्मको समय प्रस्तावित भएको भए | १० | |
| | रातको ८ देखि ९ बजेसम्मको समय प्रस्तावित भएको भए | ८ | |
| | रातको ९ देखि परको समय प्रस्तावित भएको भए | ६ | |
| २.२ | कार्यक्रम संचालनको मोडालिटी | १० | |
| | अत्यन्त राम्रो र संचालनयोग्य | १० | |
| | प्रस्ताव राम्रो तर संचालनमा समस्या हुनसक्ने | ८ | |
| | कम सान्दर्भिक प्रस्ताव | ६ | |
| २.३ | कार्यक्रम संचालनका लागि प्रस्तावित बजेटमा सम्वन्धित मिडियाको हिस्सा | १० | |
| | ३० देखि ४० प्रतिशत | १० | |
| | २० देखि ३० प्रतिशत | ८ | |
| | २० प्रतिशतभन्दा कम | ६ | |
| २.४ | कार्यक्रम निर्माण टीमको योग्यता अनुभव दक्षता आदि | १० | |
| | सर्वोत्कृष्ट | १० | |
| | उत्तम | ८ | |
| | राम्रो | ६ | |
| | ठिकै | ४ | |
| २.५ | निर्मित कार्यक्रमकोOnline Access प्रस्ताव भए नभएको | १० | |
| | भएको | १० | |



सचिव

| | | | |
|---|---|---|---|
| | नभएको | ० | |
| | कुल जम्मा | १०० | |

(ग) मूल्यांकनका क्रममा प्राविधिक समिति कुनै कागजातको थप आवश्यकता महसुस भए ती समितिले सम्वन्धित मिडियावाट झिकाउन सक्ने छन् ।

(घ) प्रस्ताव मूल्यांकन प्राविधिक समितिले उपरोक्तानुसार तयार पारेको तुलनात्मक चार्ट (Comparative Chart) र सो को आधारमा Merit list सहित कम्तीमा२ (दुइ) वटा मिडियाहरू र कार्यक्रम संचालनका लागि निजी टेलिभिजन मिडियाद्वारा प्रस्तावमा उल्लेख गरेको रकम र कार्यक्रम संचालनका लागि बिनियोजित बजेटको परिधिभित्र रही सम्वन्धित मिडियालाइ केन्द्रको निर्णयानुसार रकमको सिमा उपलव्ध गराइनेछ ।

(ङ)प्राविधिक समितिको सिफारिश तथा केन्द्रलाई लागेको अन्य विषयहरूका आधारमा कार्यक्रम संचालनका लागि कम्तीमा२ (दुइ) वटा मिडियाहरू र कार्यक्रम संचालनका लागि बिनियोजित बजेटको परिधिभित्र रही सम्वन्धित मिडियालाइ उपलव्ध गराइने बजेट सीमा समेत स्वीकृत गर्नेछ ।

(च)उपरोक्तानुसार छनौट भएका निजी टेलिभिजन मिडियाहरूसंग केन्द्रको निर्णयानुसार स्वीकृत बजेटको अधिनमा रही केन्द्रले अनुसूची११ बमोजिमको ढाँचामा कार्यसम्पादन सम्झौता गरी कार्य अगाडि बढाउनेछ।

### २७ भुक्तानी प्रकृया

समितिको निर्णयानुसार छनौट भएका निजी टेलिभिजन मिडियाहरुसँग सोही समितिको निर्णयानुसार उपलब्ध रकम सिमा अनुरुपको सम्झौतापश्चात केन्द्रबाट कार्यक्रम संचालनका लागि देहायवमोजिम रकम उपलब्ध गराइनेछ ।

पहिलो किस्ता (२० प्रतिशत रकम) : सम्झौतापत्रमा हस्ताक्षर भएपछि ।

दोस्रो किस्ता (४० प्रतिशत रकम) : ५० प्रतिशत कार्यक्रम प्रसारण भएपछि ।

अन्तिम किस्ता (४० प्रतिशत रकम) : सम्पूर्ण कार्यक्रम प्रसारण भएपछि ।

### २८ अनुगमन, निरिक्षण तथा मूल्यांकन सम्बन्धी व्यवस्था

(क) यस कार्यविधि अनुसार टेलिभिजन कृषि कार्यक्रम उत्पादन तथा प्रसारणका लागि छनौट भएका निजी क्षेत्रका टेलिभजिन मिडियाहरुको केन्द्रले नियमित अनुगमन गर्नेछ ।प्रस्ताव गरे अनुरुपको ढाँचा र विषयवस्तुमा कार्यक्रम उत्पादन भए नभएकोवारे समेत केन्द्रले अनुमगन गर्नेछ । सम्झौता अनुसार कार्यक्रम संचालन नभए कुनै पनि समय कार्यक्रम बन्द गराउन सकिनेछ ।यसरी बन्द भएपश्चात सम्झौता स्वत: रद्द भएको मानिनेछ ।

(ख) टेलिभिजन कृषि कार्यक्रम उत्पादन सहजीकरणका लागि केन्द्रवाट अधिकृतस्तर कर्मचारी एवं प्राविधिक पृष्टपोषण र आवश्यक सन्दर्भ सामग्रीहरु उपलव्ध गराउनेछ ।



सचिव

(ग) अनुगमन निरिक्षण तथा प्राविधिक सहयोगको क्रममा लाग्ने अनुगमन खर्च कार्यक्रम संचालन गर्ने निजी क्षेत्रको टेलिभजिन मिडियाले उपलब्ध गराउनुपर्ने छ । सो क्रममा दिईने अनुगमन दै.भ्र.भत्ताको दर नेपाल सरकारको प्रचलित नियमानुसार नै हुनेछ ।

(घ) अनुगमन तथा मूल्यांकनको प्रतिवेदन सम्बन्धित निकायमा पेश गरी प्रगति विवरण नियमित रुपमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, योजना महाशाखा र अनुगमन तथा मूल्याङ्कन महाशाखामा पठाउनुपर्ने छ ।

**२८ विविध**

(क) कार्यविधिमा अस्पंष्टता आएमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

(ख)यस कार्यविधि अनुरूप गठन भएका समितिहरूको बैठक भत्ता नियमानुसार केन्द्रले उपलब्ध गराउनेछ।

परिच्छेद ७: कृषि सम्वन्धी विषयवस्तु प्रकाशन तथा प्रसारण गर्ने निजी क्षेत्रका संघसंस्थालाइ साझेदारीमा प्रस्तावनाका आधारमा कार्यक्रम संचालन सहयोग कार्यविधि

**२९ कार्यक्रमको परिचय**

आम समूदायमा समय सापेक्ष सूचनाप्रवाह कृषि विकास क्षेत्रमा पनि अपरिहार्य हुनाले कृषिक्षेत्रमा काम गर्ने मेडिया (पत्रपत्रिका, रेडियो, टेलिभिजन आदि)को अहम् भूमिका रहन्छ । तसर्थ, कृषिक्षेत्रको समग्र विकासका लागि कृषिक्षेत्रमा कार्यरत आम मिडिया/संस्थाहरुलाई प्रोत्साहित गर्नु राज्यको कर्तव्य तथा दायित्व पनि हो । यसै विषयलाई मनन गरी कृषि सूचना तथा प्रशिक्षण केन्द्रमा कृषि क्षेत्रमा काम गर्ने मेडियाहरूको कार्यक्षमता अभिवृद्धि गर्न आवश्यक भएकोले प्रतिस्पर्धात्मक प्रस्तावना/मूल्याङ्कका आधारमा कार्यक्रम संचालन सहयोग प्रदान गर्ने कार्यक्रम रहेको छ।

**३० उद्देश्यः**

(क)निजी क्षेत्रसमेतको सहभागिता र सहकार्यमाकृषक समूदायमा कृषिसम्बन्धी चेतनामूलक सूचना तथा समाचार सम्प्रेषण गरी सुलभ ढंगवाट कृषि सूचना तथा सञ्चारको पहुँचलाइ आम कृषकहरु समक्ष पुर्याउने।

(ख) निजी क्षेत्रवाट संचालित कृषि सूचना तथा संचार सम्वद्धमिडियाहरूलाई आधुनिक र व्यवसायिक कृषि विकासमा हातेमालोका लागि अभिप्रेरित गर्दै सरकार र निजी क्षेत्रको साझेदारीमा कृषि विकासको अवधारणालाई मूर्तरुप दिने।

**३१ सम्पादन हुने कार्य तथा गतिविधिहरू**

**यस कार्यक्रम अन्तरगत देहायका गतिविधिहरू संचालन गर्नुपर्नेछ**

(क) देशभरि भए गरिएका कृषि गतिविधि एवं कृषि प्रविधिहरू समेट्ने गरी कृषि कार्यक्रम प्रकाशन वाप्रसारण गर्ने ।



सचिव

(ख) तोकिएको समय र निर्दिष्ट तालिका वमोजिम छापा पत्रपत्रिका, online पत्रपत्रिकार एफ.एम वाट कार्यक्रम प्रकाशन वाप्रसारण गर्ने । कार्यक्रम प्रकाशन र प्रसारण गर्नुपूर्व कृषि सूचना तथा प्रशिक्षण केन्द्रको प्राविधिक टोलीबाट प्रमाणित गराई मात्र प्रसारण हुनुपर्ने ।

(ग) प्रकाशित तथा प्रसारित कृषि कार्यक्रमको विषयवस्तु समयसापेक्ष र कृषकमैत्री हुनुपर्ने ।

(घ) प्रकाशित तथा प्रसारित कार्यक्रमहरूको डिजिटल भर्सन नियमित रूपमा कृषि सूचना तथा प्रशिक्षण केन्द्रमा उपलब्ध गराउने ।साथै नियमित रुपमा Online Access उपलव्ध गराउने।

**३२ कृषि कार्यक्रम प्रकाशन तथा प्रसारण गर्ने मिडियाको छनौट**

(क) निजी क्षेत्रवाट संचालित टेलिभिजन मिडियाहरुसंग सहकार्यमा कृषि कार्यक्रम उत्पादन तथा प्रसारणका लागि छुट्टै कार्यविधि र कार्यक्रम व्यवस्था भएकोले यस कार्यक्रम संचालनार्थ देहायका तीन विभिन्न किसिमका राष्ट्रिय/केन्द्रीयस्तरमा संचालित निजी क्षेत्रका मिडिया/संस्थाहरु कम्तीमा दुइ दुइ वटाको संख्यामा छनौट गरिनेछ।

१. कृषि सम्वन्धी समाचारहरु प्रकाशन गर्नै दैनिक, साप्ताहिक वा मासिक पत्रपत्रिका

२. विशुध्द कृषि सम्वन्धि सूचनाहरु online प्रसारण गर्ने मिडिया

३. बढिभन्दा बढि कभरेज भएका एफ.एमहरु

(ख) यस कार्यविधि अनुरुप कार्यक्रम उत्पादन तथा प्रसारण गर्न ईच्छुक एवं योग्य राष्ट्रिय/केन्द्रीयस्तरमा निजी क्षेत्रवाट संचालित उपरोक्तानुसारका मिडिया/संस्थाहरुवाट दरखास्त आव्हान गरिने छ । कृषि सूचना तथा प्रशिक्षण केन्द्रवाट यस सम्वन्धमा राष्ट्रियस्तरको पत्रिकामा अनुसूचि १२अनुसार ३० दिनको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

(ग) यस कार्यविधि अनुरुप कार्यक्रम प्रकाशन तथा प्रसारण गर्न ईच्छुक एवं योग्य राष्ट्रिय/केन्द्रीयस्तरमा निजी क्षेत्रवाट संचालित उपरोक्तानुसारका मिडिया/संस्थाहरुवाट पेश हुने प्रस्तावमा अनुसूची १३ बमोजिमका विषयवस्तुहरू तथा अनुसूची १२बमोजिमका कागजातहरू समावेश भएको हुनुपर्नेछ।

(घ)कार्यक्रम उत्पादन तथा प्रसारण गर्न ईच्छुक एवं योग्य राष्ट्रिय/केन्द्रीयस्तरमा निजी क्षेत्रवाट संचालित उपरोक्तानुसारका मिडिया/संस्थाहरुले आफनो निवेदन÷दरखास्त सहित तोकिएको मिति भित्र कृषि सूचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवनमा उल्लेखित विवरण सहित कार्यक्रम संचालन प्रस्ताव पेश गर्नुपर्नेछ।

(ङ)तोकिएको संख्यामासंस्थाको छनोट गर्न प्रस्ताव मुल्यांकन समितिले देहायबमोजिम कार्य गर्नेछ।

(च) रितपूर्वक केन्द्रमा दर्ता हुन आएका प्रस्तावहरुको संलग्न कागजात तथा सम्वन्धित मिडियाको स्थलगत निरिक्षण समेतको आधारमा तल उल्लिखित छनौटका आधारहरुको अधिनमा रहीमाथि उल्लिखित ३ वर्गका मिडिया/संस्थाहरुको तुलनात्मक चार्ट र Merit list निर्धारण गर्ने।

(छ) मूल्यांकनका क्रममा कुनै कागजात वा थप विवरण आवश्यक महसुस भएमा सम्वन्धित मिडियावाट माग गर्ने।

(ज) प्रस्तावमा संचालन गर्न प्रस्ताव गरिएका कार्यक्रमहरुको प्राविधिक पक्ष, सम्भाव्यता तथा जनशक्ति व्यवस्था, कार्यक्रम संचालन मोडालिटी र लागत समेतको विश्लेषण गर्ने।

(झ) उपरोक्तानुसार निर्धारण गरिएको ३ वर्गका मिडिया/संस्थाहरुको तुलनात्मक चार्ट र Merit list का आधारमा हरेक वर्गका मिडिया/संस्थाहरुवाट माथिल्ला मिडिया/संस्थाहरुलाइ क्रमशः कार्यक्रम संचालनका लागि छनौटका लागि केन्द्र समक्ष सिफारिश गर्ने। साथै उपलव्ध बजेटको सिमाभित्र रही उक्त कार्यक्रम संचालनार्थ सम्वन्धित मिडियालाइ उपलव्ध गराउन सकिने अधिकतम रकमवारे केन्द्रलाई सिफारिश गर्ने।

(ञ)प्राविधिक समितिवाट सिफारिश भइ आएको तुलनात्मक चार्ट र Merit list का आधारमा छ वटा मिडिया/संस्थाहरुलाइ कार्यक्रम संचालनका लागि छनौट गर्ने।साथैउपलव्ध बजेटको सिमाभित्र रही उक्त कार्यक्रम संचालनार्थ सम्वन्धित मिडिया/संस्थालाइ उपलव्ध गराउन सकिने अधिकतम रकमको सिमा तोकिदिने।

(ट) मूल्यांकनका क्रममा कुनै कागजात वा थप विवरण आवश्यक महसुस भएमा समितिले सम्वन्धित मिडियावाट त्यस्ता विवरण तथा कागजात माग गर्ने ।

(ठ) प्रस्तावमा संचालन गर्न प्रस्ताव गरिएका कार्यक्रमहरुको प्राविधिक पक्ष, सम्भाव्यता तथा जनशक्ति व्यवस्था, कार्यक्रम संचालन मोडालिटी र लागत समेतमा प्राविधिक समितिवाट भएको विश्लेषण समेतका आधारमा केन्द्रले सम्वन्धित मिडिया/संस्थालाइ थप निर्देशन दिने।

(ड) निर्णय भएका मिडियाहरु सम्झौताका लागि तोकिएको समयभित्र सम्पर्क गर्न नआएमा वरियताका आधारमा कायम तल्लो तहका मिडिया/संस्थाहरुलाइ छनौटका लागि केन्द्रले निर्णय लिने।

(ढ) यस कार्यक्रम संचालनका सम्वन्धमा आवश्यक अन्य निर्णयहरु लिने अधिकार केन्द्रलाई हुनेछ।

(ण) समितिले आवश्यक ठानेमा स्थलगत निरिक्षण समेत गर्नसक्नेछ। साथै कार्यसम्पादनका सिलसिलामा छनौट भएका मिडिया/संस्थाहरुको जुनैसुकै वेला अनुगमन निरिक्षण गर्नसक्नेछ।

**३३ छनौट गर्ने आधार (Criteria for Selection)**

(क) कार्यक्रम संचालनका लागि बिनियोजित बजेटको परिधिभित्र रही माथि उल्लेख भए अनुसारका ३ वटा वर्गका कम्तीमा २/२ वटाका दरले कम्तीमा ६ वटा मिडिया/संस्थाहरु छनौट गरिनेछ।

(ख) प्राप्त हुन आएका प्रस्तावहरूमा संलग्न कागजात तथा सम्वन्धित मिडियाको स्थलगत प्राविधिक निरिक्षण समेतको आधारमा तल उल्लिखित छनौटका आधारहरू (Criteria for Selection) का अधिनमा रही प्रस्ताव मूल्यांकन प्राविधिक समितिले तुलनात्मक चार्ट (Comparative Chart) र सो को आधारमा Merit list निर्धारण गर्नेछ।

**१. कृषि सम्वन्धी समाचारहरु प्रकाशन गर्नै दैनिक, साप्ताहिक वा मासिक पत्रपत्रिकाका हकमा**

| क्र.सं. | मूल्यांकनका आधार | अधिकतम अंक | प्राप्तांक |
|---|---|---|---|
| १ | **सम्वन्धित संस्थाको समग्र विश्लेषण** | ५० | |
| १.१ | कृषि कार्यक्रम प्रकाशनका लागि दर्ता तथा संचालन | २० | |
| | सम्पूर्ण रूपमा कृषि कार्यक्रम प्रकाशन गर्न भनी नेपाल सरकारको कम्पनी ऐन वा सहकारी ऐन अन्तरगत दर्ता भै सञ्चालित भएमा | २० | |
| | आंशिक रूपमा मात्र कृषि कार्यक्रम प्रकाशन गर्न भनी नेपाल | १० | |

| | | | |
|---|---|---|---|
| | सरकारको कम्पनी ऐन वा सहकारी ऐन अन्तरगत दर्ता भै सञ्चालित भएमा | | |
| १.२ | कृषि कार्यक्रम प्रकाशनमा निरन्तरता | १० | |
| | विगत ५ वर्षदेखि निरन्तर | १० | |
| | विगत २ वर्षदेखि निरन्तर | ८ | |
| | विगत २ वर्षभन्दा कम अवधि | ५ | |
| १.३ | **प्रकाशित कृषि सम्वन्धि पत्रिकाको कभरेज तथा उपलव्धता** | १० | |
| | मुलुकभर | १० | |
| | निश्चित प्रदेशभित्र मात्र | ८ | |
| | निश्चित नगर/गाँउपालिकाभित्र मात्र | ६ | |
| १.४ | **सम्वन्धित मिडियाको स्थलगत निरिक्षणका आधारमा कार्यक्रम संचालनका लागि मूल्यांकन समितिलाइ लागेको समग्र धारणा** | १० | |
| | प्रस्तावित कार्यक्रमका लागि अति उत्कृष्ट मिडिया | १० | |
| | प्रस्तावित कार्यक्रमका उत्कृष्ट मिडिया | ८ | |
| | प्रस्तावित कार्यक्रमका लागि कम उत्कृष्ट मिडिया | ६ | |
| २ | **कार्यक्रम प्रकाशन सम्वन्धि प्रस्तावना** | ५० | |
| २.१ | प्रकाशन गरिने सामग्रीको समयसापेक्षता एवं उपयुक्तता | १० | |
| | अत्यन्त समयसापेक्ष एवं उपयुक्त | १० | |
| | समयसापेक्ष एवं उपयुक्त | ८ | |
| | ठिकै | ६ | |
| २.२ | **कार्यक्रम संचालनको मोडालिटी** | १० | |
| | अत्यन्त राम्रो र कार्यान्वियनयोग्य | १० | |
| | प्रस्ताव राम्रो तर कार्यान्वियनमा समस्या हुनसक्ने | ८ | |
| | कम सान्दर्भिक प्रस्ताव | ६ | |
| २.३ | **कार्यक्रम संचालनका लागि प्रस्तावित बजेटमा सम्वन्धित मिडियाको हिस्सा** | १० | |
| | ३० देखि ४० प्रतिशत | १० | |
| | २० देखि ३० प्रतिशत | ८ | |
| | २० प्रतिशतभन्दा कम | ६ | |
| २.४ | प्रकाशन टीमको योग्यता अनुभव दक्षता आदि | १० | |
| | सर्वोत्कृष्ट | १० | |
| | उत्तम | ८ | |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| | राम्रो | ६ | |
| | ठिकै | ४ | |
| २.५ | **प्रकाशित कार्यक्रमकोOnline Access प्रस्ताव भए नभएको** | १० | |
| | भएको | १० | |
| | नभएको | ५ | |
| | **कुल जम्मा** | १०० | |

२. कृषि सम्वन्धि Online पत्रपत्रिकाका हकमा

| क्र.सं. | मूल्यांकनका आधार | अधिकतम अंक | प्राप्तांक |
|---|---|---|---|
| १ | **सम्वन्धित संस्थाको समग्र विश्लेषण** | ५० | |
| १.१ | **कृषि कार्यक्रम प्रकाशन/प्रसारणका लागि दर्ता तथा संचालन** | २० | |
| | सम्पूर्ण रूपमा कृषि कार्यक्रम प्रकाशन/प्रसारण गर्न भनी नेपाल सरकारको कम्पनी ऐन वा सहकारी ऐन अन्तरगत वा सम्वन्धित निकायमा दर्ता भै सञ्चालित भएमा | २० | |
| | आंशिक रूपमा मात्र कृषि कार्यक्रम प्रकाशन/प्रसारण गर्न भनी नेपाल सरकारको कम्पनी ऐन वा सहकारी ऐन अन्तरगत दर्ता वा सम्वन्धित निकायमा भै सञ्चालित भएमा | ५ | |
| १.२ | कृषि कार्यक्रम प्रकाशन/प्रसारणमा निरन्तरता | १० | |
| | विगत ५ वर्षदेखि निरन्तर | १० | |
| | विगत २ वर्षदेखि निरन्तर | ८ | |
| | विगत २ वर्षभन्दा कम अवधि | ५ | |
| १.३ | **Online मा सक्रियता** | १० | |
| | दैनिक कृषि विकास सम्वध्द विषयहरू Upload भइरहने | १० | |
| | केही दिन बिराएर कृषि विकास सम्वध्द विषयहरू Upload भइरहने | ८ | |
| | साप्ताहिक वा सो भन्दा बढी अवधिमा मात्र कृषि विकास सम्वध्द विषयहरू Upload भइरहने | ६ | |
| १.४ | **सम्वन्धित मिडियाको स्थलगत निरिक्षणका आधारमा कार्यक्रम संचालनका लागि मूल्यांकन समितिलाइ लागेको समग्र धारणा** | १० | |
| | प्रस्तावित कार्यक्रमका लागि अति उत्कृष्ट Online मिडिया | १० | |
| | प्रस्तावित कार्यक्रमका उत्कृष्टOnline मिडिया | ८ | |
| | प्रस्तावित कार्यक्रमका लागि कम उत्कृष्ट Online मिडिया | ६ | |
| २ | **कार्यक्रम प्रकाशन/प्रसारण सम्वन्धि प्रस्तावना** | ६० | |
| २.१ | प्रकाशन गरिने सामग्रीको समयसापेक्षता एवं उपयुक्तता | १० | |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

| | | | |
|---|---|---|---|
| | अत्यन्त समयसापेक्ष एवं उपयुक्त | १० | |
| | समयसापेक्ष एवं उपयुक्त | ८ | |
| | ठिकै | ६ | |
| २.२ | **कार्यक्रम संचालनको मोडालिटी** | **१०** | |
| | अत्यन्त राम्रो र कार्यान्वयनयोग्य | १० | |
| | प्रस्ताव राम्रो तर कार्यान्वयनमा समस्या हुनसक्ने | ८ | |
| | कम सान्दर्भिक प्रस्ताव | ६ | |
| २.३ | **कार्यक्रम संचालनका लागि प्रस्तावित बजेटमा सम्वन्धित मिडियाको हिस्सा** | **१०** | |
| | ३० देखि ४० प्रतिशत | १० | |
| | २० देखि ३० प्रतिशत | ८ | |
| | २० प्रतिशतभन्दा कम | ६ | |
| २.४ | **प्रकाशन टीमको योग्यता अनुभव दक्षता आदि** | **१०** | |
| | सर्वोत्कृष्ट | १० | |
| | उत्तम | ८ | |
| | राम्रो | ६ | |
| | ठिकै | ४ | |
| २.५ | **प्रकाशित/प्रसारित कार्यक्रमहरूMobile मार्फत समेत Online Access गर्न सकिने प्रस्ताव भए नभएको** | **२०** | |
| | भएको | १५ | |
| | नभएको | ५ | |
| | **कुल जम्मा** | **१००** | |

३. बढिभन्दा बढि कभरेज भएका एफ.एमहरुका हकमा

| क.सं. | मूल्यांकनका आधार | अधिकतम अंक | प्रासांक |
|---|---|---|---|
| १ | **सम्वन्धित संस्थाको समग्र विश्लेषण** | **५०** | |
| १.१ | **कृषि कार्यक्रम प्रसारणका लागि दर्ता तथा संचालन** | **२०** | |
| | सम्पूर्ण रूपमा कृषि कार्यक्रम प्रकाशन/प्रसारण गर्न भनी नेपाल सरकारको कम्पनी ऐन वा सहकारी ऐन अन्तरगत वा सम्वन्धित निकायमा दर्ता भै सञ्चालित भएमा | २० | |
| | आंशिक रूपमा मात्र कृषि कार्यक्रम प्रकाशन/प्रसारण गर्न भनी नेपाल सरकारको कम्पनी ऐन वा सहकारी ऐन अन्तरगत दर्ता वा सम्वन्धित निकायमा भै सञ्चालित भएमा | १० | |



सचिव

| | | | |
|---|---|---|---|
| १.२ | कृषि कार्यक्रम प्रकाशन/प्रसारणमा निरन्तरता | १० | |
| | विगत ५ वर्षदेखि निरन्तर | १० | |
| | विगत २ वर्षदेखि निरन्तर | ८ | |
| | विगत २ वर्षभन्दा कम अवधि | ५ | |
| १.३ | **एफ.एम को कभरेज** | १० | |
| | मुलुकभर | १० | |
| | निश्चित प्रदेशभित्र मात्र | ८ | |
| | निश्चित नगर/गाँउपालिकाभित्र मात्र | ६ | |
| १.४ | **सम्वन्धित मिडियाको स्थलगत निरिक्षणका आधारमा कार्यक्रम संचालनका लागि मूल्यांकन समितिलाइ लागेको समग्र धारणा** | १० | |
| | प्रस्तावित कार्यक्रमका लागि अति उत्कृष्ट एफ.एम् मिडिया | १० | |
| | प्रस्तावित कार्यक्रमका उत्कृष्टएफ.एम् मिडिया | ८ | |
| | प्रस्तावित कार्यक्रमका लागि कम उत्कृष्ट एफ.एम् मिडिया | ६ | |
| २ | **कार्यक्रम प्रसारण सम्वन्धि प्रस्तावना** | ६० | |
| २.१ | प्रसारण गरिने सामग्रीको समयसापेक्षता एवं उपयुक्तता | १० | |
| | अत्यन्त समयसापेक्ष एवं उपयुक्त | १० | |
| | समयसापेक्ष एवं उपयुक्त | ८ | |
| | ठिकै | ६ | |
| २.२ | **कार्यक्रम संचालनको मोडालिटी** | १० | |
| | अत्यन्त राम्रो र कार्यान्वियनयोग्य | १० | |
| | प्रस्ताव राम्रो तर कार्यान्वियनमा समस्या हुनसक्ने | ८ | |
| | कम सान्दर्भिक प्रस्ताव | ६ | |
| २.३ | **कार्यक्रम संचालनका लागि प्रस्तावित बजेटमा सम्वन्धित सम्वन्धित एफ.एम् मिडियाको हिस्सा** | १० | |
| | ३० देखि ४० प्रतिशत | १० | |
| | २० देखि ३० प्रतिशत | ८ | |
| | २० प्रतिशतभन्दा कम | ६ | |
| २.४ | **प्रसारण टीमको योग्यता अनुभव दक्षता आदि** | १० | |
| | सर्वोत्कृष्ट | १० | |
| | उत्तम | ८ | |
| | राम्रो | ६ | |
| | ठिकै | ४ | |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

| | | | |
|---|---|---|---|
| २.५ | प्रकाशित कार्यक्रमकोOnline Access प्रस्ताव भए नभएको | २० | |
| | भएको | १५ | |
| | नभएको | ५ | |
| | कुल जम्मा | १०० | |

(ग) मूल्यांकनका क्रममा प्राविधिक समिति लाइ कुनै कागजातको थप आवश्यकता महसुस भए समितिले सम्वन्धित मिडियावाट झिकाउन सक्ने छन्।

(घ) प्रस्ताव मूल्यांकन प्राविधिक समितिले उपरोक्तानुसार तयार पारेको तुलनात्मक चार्ट (Comparative Chart) र सो को आधारमा Merit list सहित प्रत्येक वर्गका कम्तिमा२/२ (दुइ) वटा मिडिया/संस्थाहरु र कार्यक्रम संचालनका लागि सम्वन्धित मिडिया/संस्थाहरुद्वारा प्रस्तावमा उल्लेख गरेको रकम र कार्यक्रम संचालनका लागि बिनियोजित बजेटको परिधिभित्र रही सम्वन्धित मिडिया/संस्थाहरुलाइ केन्द्रको निर्णयानुसार रकमको सिमा उपलव्ध गराइनेछ।

(ङ) उपरोक्तानुसार छनौट भएका निजी मिडिया/संस्थाहरुसंग केन्द्रको निर्णयानुसार स्वीकृत बजेटको अधिनमा रही केन्द्रले अनुसूची १४ बमोजिमको ढाँचामा कार्यसम्पादन सम्झौता गरी कार्य अगाडि बढाउनेछ।

**३४ भुक्तानी प्रकृया**

केन्द्रको निर्णयानुसार छनौट भएका निजी मिडियाहरुसँगसमितिको निर्णयानुसार उपलब्ध रकम सिमा अनुरुपको सम्झौतापश्चात केन्द्रबाट कार्यक्रम संचालनका लागि देहायवमोजिम रकम उपलब्ध गराइने छ।

पहिलो किस्ता (२० प्रतिशत रकम) : सम्झौतापत्रमा हस्ताक्षर भएपछि।

दोस्रो किस्ता (४० प्रतिशत रकम) : ५० प्रतिशत कार्यक्रम प्रसारण भएपछि।

अन्तिम किस्ता (४० प्रतिशत रकम) : सम्पूर्ण कार्यक्रम प्रसारण भएपछि।

**३५ अनुगमन, निरिक्षण तथा मूल्यांकन सम्बन्धी व्यवस्था**

(क) यस कार्यविधि अनुसार कृषि कार्यक्रम प्रकाशन तथा प्रसारणका लागि छनौट भएका निजी क्षेत्रका मिडिया/संस्थाहरुको केन्द्रले नियमित अनुगमन गर्नेछ ।प्रस्ताव गरे अनुरुपको ढाँचा र विषयवस्तुमा कार्यक्रम प्रकाशन एवं प्रसारण भए नभएकोवारे समेत केन्द्रले अनुमगन गर्नेछ। सम्झौता अनुसार कार्यक्रम संचालन नभए कुनै पनि समय कार्यक्रम बन्द गराउन सकिनेछ। यसरी बन्द भएपश्चात सम्झौता स्वत: रद्द भएको मानिनेछ।

(ख)कृषि कार्यक्रम प्रकाशन तथा प्रसारण सहजीकरणका लागि केन्द्रवाट अधिकृतस्तर कर्मचारी एवं प्राविधिक पृष्टपोषण र आवश्यक सन्दर्भ सामग्रीहरु उपलव्ध गराउनेछ।

(ग) अनुगमन निरिक्षण तथा प्राविधिक सहयोगको क्रममा लाग्ने अनुगमन खर्च कार्यक्रम संचालन गर्ने मिडिया/संस्थाहरुले उपलब्ध गराउनुपर्ने छ। सो क्रममा दिईने अनुगमन दै.भ्र.भत्ताको दर नेपाल सरकारको प्रचलित नियमानुसार नै हुनेछ।

सचिव

(घ) अनुगमन तथा मूल्यांकनको प्रतिवेदन सम्बन्धित निकायमा पेश गरी प्रगति विवरण नियमित रुपमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, योजना महाशाखा र अनुगमन तथा मूल्याङ्कन महाशाखामा पठाउनुपर्ने छ।

**३६ विविध**

(क) कार्यविधिमा अस्पष्टता आएमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको निर्णय अन्तिम हुनेछ।

(ख) यस कार्यविधि अनुरूप गठन भएका समितिहरूको बैठक भत्ता नियमानुसार केन्द्रले उपलव्ध गराउनेछ ।



सचिव

# अनुसूचीहरु

## अनुसुची १ तालिम सञ्चालन वार्षिक कार्ययोजना

| सिन | तालिमको नाम | सहभागी संख्या | तालीम संयोजक | तालीम सञ्चालन हुने मिति (अनुमानित) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

सचिव

# अनुसुचीर तालिम कार्यक्रमको ब्रोसर

1 परिचय
2 प्रशिक्षार्थी
3 तालिमको उदेश्य
4 तालिमको अवधि
5 पाठ्यक्रमको सूची
6 तालिमको विधि
7 प्रशिक्षण सहायक सामग्री
8 मूल्यांकन
9 प्रमाणीकरण
10 स्थान
11 तालिम प्रमुख
12 तालिम संयोजक
13 सम्पर्क ठेगाना



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# अनुसुची ३ तालिम सम्पन्न प्रतिवेदन

१. तालीमको नामः

२. तालिमको स्तरः

३. तालीम सञ्चालन अवधिः

४. तालीम सञ्चालन स्थानः

५ भ्रमण गरेको भए भ्रमण सम्बन्धी विवरणः

भ्रमण गरको स्थानः

भ्रमणमा भएको छलफलको विषयः

भ्रमणमा प्रयोग भएका श्रोतव्यक्तिः

भ्रमण गरेको मितिः

६ सहभागीको विवरणः

| सिन | नाम थर | ठेगाना | संस्था | लिङ्ग | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

७ तालीममा प्रयोग भएको समय सारणी (विषयबस्तु र सम्बन्धित प्रशिक्षक समेत देखिने गरी )

८ तालीम मूल्यांकनको क्रममा प्रयोग भएको प्रश्नावली

९ Pre test र Post Test मा प्रयोग भएको प्रश्नावली

१० तालिम मूल्यांकनको निष्कर्ष

११ तालिमी सञ्चालनमा भएको खर्च

१२ तालिम सुधारको लागि कुनै सुझाव



सचिव

अनुसुची ४ तालिम सञ्चालनको स्वीकृतीको लागि दिईने निवेदन तथा फारामको नमूना

श्री प्रमुखज्यू
राष्ट्रिय कृषि तथा प्रशिक्षण केन्द्र
हरिहरभवन ललितपुर ।

विषयः तालिम सञ्चालन स्वीकृती पाँउ ।

उपरोक्त सम्बन्धमा यस संस्थाको संयोजनका ............................................ विषय तालीम सञ्चालनको लागि निम्न अनुसांरको कागजात सहित यो निवेदन पेश गरेको छु।

तपसिल

१ संस्थाको दर्ता प्रमाण पत्र
२ कर चुक्ताको प्रमाण पत्र
३ अनुसुची ५ अनुसारको फाराम
४ जिम्मेवार व्यक्तिको नागरिकताको प्रमाणपत्र
५ तालिम सहभागिहरुको नागरिकताको प्रमाणपत्र
६ तालीम सहभागीहरुको पासपोर्ट साईजको फोटो

संस्थाको छाप

आवेदकको तर्फबाट

नामः
पदः
दस्तखतः
मितिः



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसुची ५ तालिम सञ्चालनको स्वीकृती माग गर्दा भर्नुपर्ने फाराम

१.आवेदकको नामः

२.आवेदकको ठेगानाः

३.आवेदकको सम्पर्कः टेलिफोनः मोवाईल नम्बरः

ईमेलः

४.सञ्चालन गर्न चाहेको तालीमको विषयः

५.तालीम सञ्चालन हुने स्थानः

६.व्यवहारिक कक्षा सञ्चालन हुने संस्थाः

नामः ठेगानाः

सम्पर्क नम्बरः ईमेलः

७.अनुमानित तालिम सञ्चालन मितिः

८.तालीमका सहभागीहरुको विवरणः

| सि.न. | सहभागिको नाम | ठेगाना | तालीमको लागि आवश्यक शैक्षिक योग्यता |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

९. तालीम प्रशिक्षकहरुको विवरणः

| सि.न. | प्रशिक्षकको नाम | ठेगाना | सम्पर्क नम्बर | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

१०. केन्द्रले उपलब्ध गराउने पाठ्यक्रममा भएको संशोधन

११. तालीम अनुगमन वा सुपरीवेक्षण योजनाः

आवेदकको तर्फबाट

नामः

पदः

दस्तखतः



सचिव

अनुसुची ६ प्रमाणपत्रको नमूना

प्रमाण पत्र नम्बरः मितिः

कृषि सूचना तथा प्रशिक्षण केन्द्रकोमिति ................................. को निर्णय अनुसार श्री .................................. को संयोजकत्वमा मिति ............................................ देखि ..................................... सम्म सञ्चालन भएको ३५ दिने .............................. तालीम सफलतापूर्वक सम्पन्न गर्नु भएका................ जिल्ला ............. गापा/नपा/उप/ मनपा........... वडा न .......... का श्री ..................................... लाई कदरसाथ यो प्रमाण पत्र प्रदान गरिएको छ।

तालीम संयोजक केन्द्र प्रमुख

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसुची ७ तालिम प्रमाण-पत्र प्राप्त गर्नेको अभिलेख रजिष्टर

| मिति | प्रमाणपत्र नम्बर | नाम र थर | ठेगाना | तालीमको नाम | तालीम संयोजन गर्नेको संस्था वा निकायको नाम | फोटो |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसुची ८ तालिमको मापदण्ड

१. तालीम सञ्चालन गर्ने निकायले हप्तामा ६ कार्यदिन तालीम सञ्चालन हुनुपर्ने।

२. एक दिन चार वटा सेसनहरु सञ्चालन हुनुपर्ने र एक सेसनको अवधि गर्मी समयमा १ घण्टा ३० मिनेट र जाडो समयमा १ घण्टा १५ मिनेटको हुनुपर्ने।

३. तालीम सञ्चालनको लागि तालीम सञ्चालन संस्थाले एक जना तालीम संयोजकर आबश्यकता अनुसार कम्तीमा २ दुई जनां तालिम सहयोगीको व्यवस्था गर्नुपर्ने ।

४. तालीमको प्रकृति अनुसारको तालीम पाठ्यक्रम अनुसार व्यवहारिक कक्षाको प्रवन्ध गर्नुपर्ने।

५. तालीम सामग्रीको व्यवस्था तालीम संयोजन गर्ने निकाय वा संस्थाले गरेको हुनुपर्ने ।

६.अधिकृतस्तरको तालीममा प्रशिक्षकको योग्यता सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर र सहायकस्तरको कर्मचारीको तालीममा प्रशिक्षकको योग्यता कम्तीमा स्नातक हुनुपर्ने।

७. प्रशिक्षकको अनुभव तालीमको विषयसँग सम्बन्धित हुनुपर्ने।

८. तालीमको पाठ्यक्रम स्वीकृत भएको हुनुपर्ने। यदि तालिम पाठ्यक्रमको स्वीकृत नभएको भए सम्बन्धित संस्थाले तालिम पाठ्यक्रमको लागि समेत निवेदन दिनुपर्ने।

९. कुनै सहभागी तालिम अवधिभर कुल सेसनको ५ प्रतिशत सेसनमा अनुपस्थित भएमा तालिम सञ्चालकले प्रमाण पत्र दिन पाईने छैन।



सचिव

अनुसूची ९ प्रस्ताव आव्हानको सूचनाको ढाँचा

**सूचना । सूचना ।। सूचना ।।।**

**निजी टेलिभिजनसँगको सहकार्यमा कृषि कार्यक्रम उत्पादन तथा प्रसारण कार्यक्रम** संचालन गर्ने सम्बन्धमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि सूचना तथा प्रशिक्षण केन्द्रबाट सम्बन्धित ईच्छुक निजी टेलिभिजन मिडियाहरुबाट आवेदन आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन भित्र देहाय बमोजिमको विवरण सहित प्रस्ताव पेश गर्नु पर्नेछ ।

पूनश्चः आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपशिल**

१. सम्वन्धित निजी टेलिभिजन मिडियाकातर्फवाट निवेदन ।

२. सम्बन्धित निकायमा दर्ता भएको प्रमाण पत्र र नविकरणको प्रमाणित प्रतिलिपी ।

३. सहकार्यमा कृषि कार्यक्रम उत्पादन तथा प्रसारण कार्यक्रम सम्बन्धी प्रस्ताव ।

४. सम्वन्धित मिडियाको वारेमा अन्य आवश्यक विवरणहरु ।

५. कर चुक्ता प्रमाणपत्र ।



सचिव

अनुसूची १० प्रस्तावमा उल्लेख हुनुपर्ने विषयवस्तुहरु

१ पृष्ठभूमि

**२ निजी टेलिभजिन मिडियाको वारे जानकारी**

कभरेज

दर्ता

कार्यक्रम संचालनका लागि टीम र टीमको योग्यतावारेको विवरण

**३ प्रस्तावित टेलिभिजन कृषि कार्यक्रम**

हसाका कुन कुन दुइ दिन कार्यक्रम प्रसारण गर्ने हो सो को जानकारी

प्रस्तावित समयसम्वन्धि विवरण

प्रस्तावित दिनहरुर समयमा संचालनका लागि प्रस्तावित कार्यक्रमहरु र संचालन मोडालिटी ( स्थलगत कृषि समाचार, सफलताको कथा, सम सामयिक विषयमा विज्ञहरु सहितको अन्तरक्रिया लगायत)

टेलिभिजन कार्यक्रम निर्माण टीमको संरचना र योग्यता

टेलिभिजनको लोकप्रियता सम्वन्धमा कुनै अध्ययन भएको भए सो को विवरण वा टेलिभिजनको लोकप्रियता सम्वन्धि सम्वन्धित मिडियाको धारणा

प्रस्तावित कार्यक्रम संचालनका लागि प्रस्तावित बजेट

प्रस्तावित बजेटमा सम्वन्धित टेलिभिजन मिडियाको हिस्सा के कति हुने सो को विवरण

वर्षभरि कार्यक्रममा के कस्ता विविधताहरु ल्याउने सोच रहेको छ सो को विवरण

अनलाइनमा प्रसारित कार्यक्रम Upload सम्वन्धि व्यवस्था

कार्यक्रमको दीगोपनवारे सम्वन्धित मिडियाको सोच



सचिव

# अनुसूची-११ सम्झौता-पत्रको नमूना

१ यो सम्झौता पत्र कृषि सूचना तथा प्रशिक्षण केन्द्र (प्रथम पक्ष) रनिजी टेलिभिजन मिडिया(दोश्रो पक्ष)विच सहकार्यमा टेलिभिजन कृषि कार्यक्रम उत्पादन तथा प्रसारणका लागि प्रयोग हुनेछ ।

२ कार्यक्रम संचालनका लागि दोश्रो पक्षले पेश गरेको प्रस्ताव निर्देशन समितिवाट स्वीकृत भए बमोजिम कार्यक्रम उत्पादन तथा प्रसारणका लागि यो सम्झौता पत्र तयार पारिएको छ ।

३ सम्झौता भएको मितिदेखि यस सम्झौता प्रारम्भ भएको मानिनेछ ।

४ दोश्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ दिनभित्र शुरु गर्नुपर्नेछ।

५ प्रथम पक्षले कम्तिमा ३३ प्रतिशतसम्मको प्रारम्भिक कार्य पुरा गरिसकेपछि विल भरपाईका आधारमा रकम उपलव्ध गराईनेछ ।

६ खर्चको आधारमा आवश्यक विल भर्पाईहरु पेश भए पश्चात अन्तिम भुक्तानी हुनेछ ।

७ प्रथम पक्षले अन्तिम भूक्तानी अघि आवश्यक्ता अनुसार सम्वन्धित निजी टेलिभिजन मिडियाको निरिक्षण गरी कार्यक्रम उत्पादन तथा प्रसारणको अनुगमन गर्नसक्नेछ।

८ अन्तिम भुक्तानीका लागि अन्तिम बील सहितको सम्पन्न प्रतिवेदन तयार गरी दोश्रो पक्षले प्रसारित सबै कार्यक्रमहरुको डिजिटल कपी तथा अन्य आवश्यक विवरण सहित अनुरोध गर्नु पर्नेछ र दोश्रो पक्षले सम्पूर्ण कार्यक्रमहरुको डिजिटल कपी तथा अन्य आवश्यक विवरण प्राप्त भएको सात दिन भित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ ।

९ प्रस्तुत कृयाकलापहरु सोही आ.व.को असार २० गते भित्रमा सम्पन्न गरि भुक्तानी दाबी गरिसक्नुपर्नेछ ।

१० दोश्रो पक्षले सम्पूर्ण प्रसारणको डिजिटल कपी प्रथम पक्षलाइ उपलव्ध गराउनु पर्नेछ ।हरेक इपिसोड प्रसारणपश्चात प्रसारित सामग्री Youtube मा Upload गरेको हुनुपर्नेछ ।

११ सम्झौता उल्लेख नभएका विषयहरु प्रचलित नियम कानून बमोजिम हुनेछ ।

| | |
|---|---|
| ......................... | ................................ |
| प्रथम पक्षका तर्फबाट | दोश्रो पक्षका तर्फबाट |
| नामः | नामः |
| कार्यालयको नाम र छापः | संस्थाको नाम र छापः |

अनुसूची १२ प्रस्ताव आव्हानको सूचनाको ढाँचा

**सूचना । सूचना ।। सूचना ।।।**

**कृषि सम्वन्धी विषयवस्तु प्रकाशन तथा प्रसारण गर्ने निजीक्षेत्रका संघ संस्थालाइ साझेदारीमा प्रस्तावनाका आधारमा कार्यक्रम संचालन सहयोग कार्यक्रम** संचालन गर्ने सम्बन्धमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि सूचना तथा प्रशिक्षण केन्द्रबाट सम्बन्धित ईच्छुक **मिडिया/सस्था**हरुबाट आवेदन आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन भित्र देहाय बमोजिमको विवरण सहित प्रस्ताव पेश गर्नु पर्नेछ ।

पूनश्चःआवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपशिल

१. सम्वन्धित मिडिया/संस्थाकातर्फवाट निवेदन ।

२. सम्बन्धित निकायमा दर्ता भएको प्रमाण पत्र र नविकरणको प्रमाणित प्रतिलिपी ।

३. सहकार्यमा कृषि कार्यक्रम प्रकाशन तथा प्रसारण कार्यक्रम सम्बन्धी प्रस्ताव ।

४. सम्वन्धित मिडिया/संस्थाको वारेमा अन्य आवश्यक विवरणहरु ।

५. कर चुक्ताको प्रमाणपत्र ।



सचिव

## अनुसूची १३ प्रस्तावमा उल्लेख हुनुपर्ने विषयवस्तुहरु

**१ पृष्ठभूमि**

**२ कृषि कार्यक्रम प्रकाशन तथा प्रसारण गर्ने मिडिया/संस्थाको वारे जानकारी**

कभरेज

दर्ता

कार्यक्रम संचालनका लागि टीम र टीमको योग्यतावारेको विवरण

**३ प्रस्तावित कृषि कार्यक्रम**

हप्ताका कुन कुन दुंइ दिन कार्यक्रम प्रसारण गर्ने हो सो को जानकारी

प्रस्तावित समय सम्वन्धि विवरण

प्रस्तावित दिनहरु र समयमा संचालनका लागि प्रस्तावित कार्यक्रमहरु र संचालन मोडालिटी ( स्थलगत कृषि समाचार, सफलताको कथा, सम सामयिक विषयमा विज्ञहरु सहितको अन्तरक्रिया लगायत)

टेलिभिजन कार्यक्रम निर्माण टीमको संरचना र योग्यता

टेलिभिजनको लोकप्रियता सम्वन्धमा कुनै अध्ययन भएको भए सो को विवरण वा टेलिभिजनको लोकप्रियता सम्वन्धि सम्वन्धित मिडियाको धारणा

प्रस्तावित कार्यक्रम संचालनका लागि प्रस्तावित बजेट

प्रस्तावित बजेटमा सम्वन्धित टेलिभिजन मिडियाको हिस्सा के कति हुने सो को विवरण

वर्षभरि कार्यक्रममा के कस्ता विविधताहरु ल्याउने सोच रहेको छ सो को विवरण

अनलाइनमा प्रसारित कार्यक्रम Upload सम्वन्धि व्यवस्था

कार्यक्रमको दीगोपनवारे सम्वन्धित मिडियाको सोच



सचिव

## अनुसूची १४ सम्झौता पत्रको नमूना

1. यो सम्झौता पत्र कृषि सूचना तथा प्रशिक्षण केन्द्र (प्रथम पक्ष) रनिजी मिडिया(दोश्रो पक्ष)विच सहकार्यमा टेलिभिजन कृषि कार्यक्रम उत्पादन तथा प्रसारणका लागि प्रयोग हुनेछ ।
2. कार्यक्रम संचालनका लागि दोश्रो पक्षले पेश गरेको प्रस्ताव निर्देशन समितिवाट स्वीकृत भए बमोजिम कार्यक्रम उत्पादन तथा प्रसारणका लागि यो सम्झौता पत्र तयार पारिएको छ ।
3. सम्झौता भएको मितिदेखि यस सम्झौता प्रारम्भ भएको मानिनेछ ।
4. दोश्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ दिनभित्र शुरु गर्नुपर्नेछ।
5. प्रथम पक्षले कम्तिमा ३३ प्रतिशतसम्मको प्रारम्भिक कार्य पुरा गरिसकेपछि विल भरपाईका आधारमा रकम उपलब्ध गराईनेछ ।
6. खर्चको आधारमा आवश्यक विल भर्पाईहरु पेश भए पश्चात अन्तिम भुक्तानी हुनेछ ।
7. प्रथम पक्षले अन्तिम भूक्तानी अघि आवश्यक्ता अनुसार सम्वन्धित निजी टेलिभिजन मिडियाको निरिक्षण गरी कार्यक्रम उत्पादन तथा प्रसारणको अनुगमन गर्नसक्नेछ।
8. अन्तिम भुक्तानीका लागि अन्तिम बील सहितको सम्पन्न प्रतिवेदन तयार गरी दोश्रो पक्षले प्रसारित सवै कार्यक्रमहरुको डिजिटल कपी तथा अन्य आवश्यक विवरण सहित अनुरोध गर्नु पर्नेछ र दोश्रो पक्षले सम्पूर्ण कार्यक्रमहरुको डिजिटल कपी तथा अन्य आवश्यक विवरण प्राप्त भएको सात दिन भित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ ।
9. प्रस्तुत कृयाकलापहरु सोही आ.व.को असार २० गते भित्रमा सम्पन्न गरि भुक्तानी दाबी गरिसक्नुपर्नेछ ।
10. दोश्रो पक्षले सम्पूर्ण प्रसारणको डिजिटल कपी प्रथम पक्षलाइ उपलव्ध गराउनु पर्नेछ ।हरेक इपिसोड प्रसारणपश्चात प्रसारित सामग्री Youtube मा Upload गरेको हुनुपर्नेछ ।
11. सम्झौता उल्लेख नभएका विषयहरु प्रचलित नियम कानून बमोजिम हुनेछ ।

| | |
|---|---|
| .......................... | .............................. |
| प्रथम पक्षका तर्फबाट | दोश्रो पक्षका तर्फबाट |
| नामः | नामः |
| कार्यालयकको नाम र छापः | संस्थाको नाम र छापः |

सचिव